आज मिति २०७५ साल मंसिर ७ गते आइतबारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | अनुपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **कार्यकारीणी सदस्यहरु** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | अनुपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| का.वा. अध्यक्ष व्यास १३ | श्री एकराज तिवारी | उपस्थित |
| नि.प्र.प्र.अधिकृत | श्री अम्बिकाप्रसाद आचार्य | उपस्थित |
| वरिष्ठ आ.ले.प अधिकृत | श्री कुमारकन्चन जि.सी. | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| कम्प्यूटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |

**प्रस्ताव: स्वास्थ्य अनुगमन निर्देशिका पारित गर्ने सम्बन्धमा**

**निर्णय नं.१:** स्वास्थ्य अनुगमन निर्देशिका २०७५ उपर दफावार छलफल गरियो । साथै यस नगरपालिकाको वस्तुगत आवश्यकता तथा स्थानीय स्तरमा विद्यमान स्वास्थ्य सेवा सम्बन्धी विशेषज्ञहरुको उपलव्धता समेतलाई मध्येनजर गरी अनुगमन समितिलाई पूर्णता दिई संशोधन सहित निर्देशिका पारित गरियो ।

**प्रस्ताव: वडा स्तरीय तथा नगर स्तरीय योजना प्रगति समिक्षा सम्बन्धमा ।**

**निर्णय नं.२:** चालु आ.व. २०७५/०७६ का वडा स्तरीय योजना तथा नगर स्तरीय योजनाको हालसम्म प्राप्त प्रगती उपर समिक्षा गरियो । सो सम्बन्धमा शिघ्राधी-शिघ्र वडा स्तरीय योजनाहरु सम्पन्न गराई नगर स्तरीय योजनाहरु संचालनार्थ प्राथमिकता साथ कार्य अगाडि बढाउन योजना तथा प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव: रकम विनियोजन सम्बन्धमा**

**निर्णय नं.३:** उपभोक्ताहरुको लागत सहभागिता समेत रहने गरी निम्नानुसारका आयोजनाहरु संचालनका लागि निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं | आयोजनाको नाम र ठेगाना | विनियोजित रकम | कै. |
|---|---|---|---|
| १ | भुजेल जातीहरुको सामुदायिक भवन निर्माण आयोजना व्यास १ | ३,००,०००। (तीन लाख रुपैयाँ) | |

| | | | |
|---|---|---|---|
| २ | शहिद निर्मल रानाभाट स्मारक बहुउद्देश्यीय भवन व्यास १ | ५,००,०००। (पाँच लाख रुपैयाँ) | |
| ३ | पराशर आश्रम गुरुकुल विद्यापीठ भान्छा कोठा स्तरोन्नति व्यास ५ | ५,००,०००। (पाँच लाख रुपैयाँ | |
| ४ | तालघारे सामुदायिक भवन व्यास १ | ५,००,०००। (पाँच लाख रुपैयाँ | |

**प्रस्तावः** कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा

**निर्णय नं.४:** यस न.पा. को एकिकृत शहरी विकास योजनाले प्रमुख अग्रणी क्षेत्रको रुपमा निर्दिष्ट गरेको कृषि क्षेत्रको प्रवर्द्धन तथा विकासका लागि चालु आ.व. २०७५/०७६ को यस नगरपालिकावाट बिनियोजित तथा शसर्त अनुदान तर्फको बजेट समेतवाट सो सम्बन्धी विभिन्न कार्यक्रममा संचालनको लागि वडा समितिको सिफारिस सहित सम्बन्धीत कृषि समूह तथा व्यवसायिक कृषकहरुवाट प्रस्ताव माग गर्न कृषि शाखालाई निर्देशन दिने निर्णय गरियो । साथै आवश्यकता र औचित्यका आधारमा सबै क्षेत्रका कृषकहरुलाई पायक पर्ने स्थानमा कृषि तथा भेटेनरी सम्बन्धी निशुल्क शिविरहरु संचालनको लागि आवश्यक तयारी गरी कार्यक्रम अगाडि बढाउन समेत निर्देशन दिने निर्णय गरियो ।

**प्रस्तावः** अधुरा वडा कार्यालय भवन सम्पन्न गर्ने सम्बन्धमा

**निर्णय नं.५:** अघिल्लो आ.व.हरुमा निर्माण प्रारम्भ भई अधुरो अवस्थामा रहेका निम्नानुसारका वडा कार्यालयहरुका भवन निर्माण आयोजना यसै आ.व.मा सम्पन्न गर्ने गरी प्राविधिकबाट तयार गरिएको लागत अनुमान स्वीकृत गरी निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरियो । साथै नियमानुसार निर्माण प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| सि.नं | आयोजनाको नाम र ठेगाना | बिनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | व्यास ४ को वडा कार्यालय भवन | ३०,००,०००। (तिस लाख रुपैया) | |
| २ | व्यास ५ को वडा कार्यालय भवन | ३०,००,०००। (तिस लाख रुपैया) | |
| ३ | व्यास १० को वडा कार्यालय भवन | ३०,००,०००। (तिस लाख रुपैया) | |
| ४ | व्यास ११ को वडा कार्यालय भवन | २५,००,०००। (पच्चिस लाख रुपैया) | |

**प्रस्तावः** वडा कार्यालय भवन निर्माण गर्ने सम्बन्धमा

**निर्णयय नं.६:** व्यास नगरपालिका वडा नं.७ को वडा कार्यालय भवन निर्माणको लागि प्राविधिकबाट तयार गरिएको लागत अनुमान स्वीकृत गरियो । साथै लागत अनुमान बमोजिम बहुवर्षीय रुपमा योजना सम्पन्न गर्ने उद्देश्यका साथ सो योजनाको लागि रु.७१,००,०००। (अक्षेरुपी एकहत्तर लाख रुपैयाँ) रकम विनियोजन गरी यसै आ.व.मा नियमानुसार निर्माण प्रक्रिया अगाडि बढाई कार्यारम्भ गर्ने निर्णय गरियो ।

**प्रस्तावः वडा कार्यालय भवनको जग्गा एकिन तथा खरिद सम्बन्धमा**

**निर्णय नं.७:** व्यास नगरपालिका वडा नं.१ र वडा नं.९ का वडा कार्यालय भवन निर्माणको लागि स्थानीय स्तरबाट सामुहिक सहमतिमा यथाशक्य सार्वजनिक जग्गा खोज्ने कार्य भइरहेको परिप्रेक्ष्यमा स्थानीय स्तरबाट नै निशुल्क रुपमा उपर्युक्त जग्गाको एकिन सहमति भई आएमा सोही स्थानमा भवन निर्माण गर्ने निर्णय गरियो । तर स्थानीय स्तरमा उपयुक्त जग्गाको उपलब्धता हुन नसकेको खण्डमा उपयुक्त स्थानमा जग्गा खरिद गरी भवन निर्माण गर्न अविलम्ब नियमानुसार खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्तावः मेयर कप पुरुष फुटवल प्रतियोगिता संचालन गर्ने सम्बन्धमा**

**निर्णय नं.८:** व्यास नगरपालिका स्तरीय अन्तर मा.वि. मेयर कप पुरुष फुटवल प्रतियोगिता संचालन गर्ने निर्णय गरियो । साथै सो प्रतियोगिताका बिजेता तथा उप बिजेता र अन्य टिमहरुलाई निम्नानुसारको पुरुस्कार राशी समेत प्रदान गर्ने गरी एकमुष्ठ रु.२,५०,०००। (अक्षेरुपी दुई लाख पचास हजार रुपैया मात्र) रकम विनियोजन गर्ने निर्णय गर्नुका साथै सो खेल आयोजनाको उपयुक्त तिथिमिति एकिन गरी खेल प्रस्ताव पेश गर्न व्यास न.पा. शिक्षा शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| (क) प्रथम पुरस्कार | रु.४०,०००। (अक्षेरुपी चालिस हजार) | | कर वाहेक |
| (ख) द्वितीय पुरस्कार | रु.३०,०००। (अक्षेरुपी तीस हजार) | | कर वाहेक |
| (ग) तृतीय पुरस्कार | रु.२०,०००। (अक्षेरुपी बीस हजार) | | कर वाहेक |
| (घ) सान्त्वना पुरस्कार | रु.१०,०००। (अक्षेरुपी दश हजार) | (एक टिमलाई) | कर वाहेक |

**प्रस्तावः युवा संसद स्थापना सम्बन्धमा**

**निर्णय नं.९:** युवा शक्तिको अधिकतम उपयोग गर्ने उद्देश्यका साथ युवा वर्गलाई समाज विकासको मुल प्रवाहमा समाहित गराउने कार्यका लागि युवा आकर्षणका कार्यक्रमहरु संचालन गर्नु पर्ने तड्गारो आवश्यकता रहेको वर्तमान

परिवेशलाई सम्बोधन गर्ने गरी अन्य विकाशशील राष्ट्रहरुमा समेत अभ्यासमा रहेको **युवा संसद** स्थापनार्थ सरोकारवाला केही संघ/संस्थाहरुबाट सो सम्बन्धी प्रस्ताव प्राप्त हून आएकोमा प्राप्त हुन आएका प्रस्तावहरु समेत अध्ययन गरी औचित्य र आवश्यकता अनुसार युवा संसद स्थापनार्थ आवश्यक गृहकार्य गरी कार्यक्रम अगाडि बढाउन शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव: कृषि तथा पशु मेला प्रर्दशनी आयोजना गर्ने सम्बन्धमा**

**निर्णय नं.१०:** यस नगरपालिका क्षेत्रभित्र रहेका पशुपालक कृषक तथा अन्य व्यवसायिक कृषकहरुको उत्पादनको बजारीकरण तथा कृषि जन्य उत्पादनमा सक्रिय कृषकहरुको हौसला बृद्धि हो भन्ने उद्देश्यका साथ माघे सक्रान्ति पर्व समेतलाई मध्ये नजर गरी आगामी पौष २९ र ३० र माघ १ गतेसम्म गरी कृषि मेलाको आयोजना गर्ने निर्णय गरियो । साथै सो मेलाको आवश्यक तयारीका लागि गृहकार्य गरी प्रस्ताव पेश गर्न कृषि शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव: युवा शिप तथा उद्यमशिलताको प्रस्ताव माग सम्बन्धमा**

**निर्णय नं ११:** युवा शिप तथा उद्यमशीलता विकास सम्बन्धी चालु आ.व.को लागि बिनियोजित बजेट कार्यान्वयनका लागि सम्बन्धित वर्गहरुबाट प्रस्ताव माग गरी आगामी बैठकमा पेश गर्न शिक्षा शाशालाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव: स्वास्थ्य स्वयं सेविकाहरुको यातायात तथा परिवहन खर्च सम्बन्धमा**

**निर्णय नं १२:** यस नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य स्वयंसेविकाहरु मध्ये कतिपय वडाका स्वयंसेविकाहरुद्वारा प्रत्येक महिना मासिक प्रतिवेदन पेश गर्न आउँदा जाँदाको भुक्तानी दिन बाँकी यातायात तथा परिवहन खर्च वापतको रकम हालसम्म पनि भुक्तानी नभएको भनी भुक्तानीको लागि निवेदन पेश हुन आएकोले भुक्तानी दिन बाँकी स्वास्थ्य स्वयंसेविकाहरुलाई २०७५ पौष मसान्तसम्म प्रति महिना रु.३००। (अक्षेरुपी तीन सय रुपैयाँ मात्र) दरले भुक्तानी दिने र २०७५ माघ महिनाबाट लागू हुने गरी सम्पूर्ण स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रति महिना ५००। ( अक्षेरुपी पाँच सय रुपैयाँ मात्र) का दरले यातायात तथा परिवहन खर्च भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव: बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा**

**निर्णय नं.१३:**

**(क)** व्यास नगरपालिका कार्यालयको नवनिर्मित बहुउद्देश्यीय भवनमा लिफ्ट जडान गर्ने कार्य (ठेक्का नं.८) को लागि मिति २०७५।६।२१ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गोप्य सिलबन्दी बोलपत्र सम्बन्धी सूचना अनुसार तोकिएको समयमा रितपूर्वक दर्ता हुन आएका विभिन्न फर्महरुका बोलपत्रहरु मध्ये न.पा. कार्यालयको विभागीय लागत अनुमानमा सबैभन्दा बढी प्रतिशत अंक घटी बोलपत्र दर्ता गराउने श्री आर.एम.एस. ईन्टरनेशनल प्रा.लि. कोटेश्वर काठमाण्डौले कबोल गरेको न.पा. कार्यालयको विभागीय लागत अनुमान (भ्याट बाहेक) रु ३८,५०,०००। भन्दा ४१.५६ प्रतिशत घटी अर्थात (भ्याट वाहेक) रु.२२,५०,०००।०० अंकको बोलपत्र मूल्यांकन समितिबाट छनौट भई सम्झौताको लागि पत्र समेत प्रेशित भएको हुँदा बोलपत्र मूल्यांकन समितिको सिफारिस बमोजिम श्री आर.एम.एस. ईन्टरनेशनल प्रा.लि. कोटेश्वर काठमाण्डौको बोलपत्र स्वीकृत गरी उक्त ठेक्कासँग सम्बन्धित हालसम्म भएका सम्पूर्ण प्रकृयालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**(ख)** व्यास नगरपालिका कार्यालय तथा वडा कार्यालयको लागि आवश्यक जेनेरेटर खरिद गर्ने कार्य (ठेक्का नं.९) को लागि मिति २०७५।६।२१ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गोप्य शिलबन्दी बोलपत्र सम्बन्धी सूचना अनुसार तोकिएको समयमा रितपूर्वक दर्ता हुन आएका विभिन्न फर्महरुका बोलपत्रहरु मिति २०७५।७।२५ गते विभिन्न कार्यालयका प्रतिनिधिहरु समेतको रोहवरमा मुचुल्का गरी खोलिएकोमा त्यसरी खोलिएका बोलपत्रहरु मध्ये न.पा. कार्यालयको विभागीय लागत अनुमानमा सबैभन्दा बढी प्रतिशत अंक घटी बोलपत्र दर्ता गराउने श्री एलिमेक ईन्टरनेशन प्रा.लि. काठमाण्डौले कबोल गरेको न.पा. कार्यालयको विभागीय लागत अनुमान (भ्याट बाहेक) रु.५८,२२,८६८।७३ भन्दा १९.९० प्रतिशत घटी अर्थात (भ्याट बाहेक) रु.४६,६३,८५०।०० अंक को बोलपत्र मूल्यांकन समितिबाट छनौट भई सम्झौताको लागि पत्र समेत प्रेशित भएको हुँदा बोलपत्र मूल्यांकन समितिको सिफारिस बमोजिम श्री एलिमेक ईन्टरनेशन प्रा.लि. काठमाण्डौको बोलपत्र स्वीकृत गरी उक्त ठेक्कासँग सम्बन्धित हालसम्म भएका सम्पूर्ण प्रकृयालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**(ग)** व्यास नगरपालिका वडा नं.१३ र १४ अर्न्तगत सेतीमादी नदी किनाराको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा तथा दहत्तर, वहत्तर) उत्खनन् तथा बिक्री सम्बन्धी दमौली खबर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएको एक मात्र फर्म श्री लक्ष्मी निर्माण सेवा व्यास २ ले कबोल गरेको न.पा. कार्यालयले निर्धारण गरेको न्युनतम ठेक्का अंक रु.३५,००,०००। भन्दा ०.०२८५ प्रतिशत अंक बढी अर्थात

रु.३५,०१,०००।०० अंकको बोलपत्र स्वीकृत गरी कार्य अगाडि बढाउन मनासिब देखिएको भनी न.पा. बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भई आएकोले उक्त बोलपत्र स्वीकृत गरी सम्झौता प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव: <u>तालिम गोष्ठी तथा अन्य अनुदान सम्बन्धी कार्यक्रम संचालन प्रकृया सम्बन्धमा</u>**

**<u>निर्णय नं.१४:</u>** यस नगरपालिकाको विभिन्न विषयगत शाखाहरुबाट सम्पादन हुने वार्षिक कार्यक्रम अनुसार तालिम, गोष्ठी एवं विभिन्न अनुदान सम्बन्धी कार्यक्रमहरु संचालन गर्दा तथा अन्य शाखाहरुद्वारा प्रदान गरिने विभिन्न सिपमूलक, व्यवसायमूलक, स्वरोजगारमूलक एवं दक्षता अभिवृद्धि सम्बन्धी टोल स्तरीय, वडा तथा नगर स्तरीय तालिम गोष्ठी तथा सेमिनारहरु र अन्य अनुदानमूलक (लक्षित वर्गसँग सम्बन्धित कार्यक्रमहरु समेत) संचालन गर्दा कार्यक्रम छनौट तथा सहभागी छनौट प्रकृयामा वडास्तरीय जनप्रतिनिधिहरु लगायत सबै शाखाहरुसँग समन्वय गरी सोको लागत समेत खुल्ने गरी उद्देश्य, औचित्य तथा आवश्यकताको आधारमा प्रस्ताव तयार गरी सो प्रस्ताव न.पा. वोर्डबाट/नगर प्रमुखज्यूबाट स्वीकृत गराएर मात्र त्यस्ता कार्यक्रमहरु संचालन गर्न सम्बन्धित सबै शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।